# आ.व. २०७५/७६ को विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) का सम्बन्धमा २०७५ साल वैशाख २७, ३० र ३१ गते राष्ट्रिय सभाको बैठकमा भएको छलफलमा माननीय सदस्यहरुले राख्नु भएका मुख्य विचारहरुको संक्षिप्त प्रतिवेदन

२०७५

संघीय संसद सचिवालय
सिंहदरबार, काठमाण्डौं
२०७५ वैशाख ३१

मितिः २०७५/०१/३१

**श्रीमान् महासचिवज्यू,**
**संघीय संसद सचिवालय,**
**सिंहदरबार, काठमाण्डौं ।**

**विषय : प्रतिवेदन पेश गरिएको ।**

महोदय,

माननीय अर्थ मन्त्रीबाट आर्थिक वर्ष २०७५/०७६ को लागि विनियोजन विधेयक संघीय संसदमा पेश गर्नु पूर्व बजेट तयारीका लागि संघीय संसदको बैठकमा माननीय डा.युवराज खतिवडाबाट मिति २०७५/०१/२६ गते राष्ट्रिय सभाको बैठकमा **"आ.व. २०७५/०७६ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) का सम्बन्धमा छलफल गरियोस"** भनि प्रस्ताव प्रस्तुत गर्नुभएको र उक्त प्रस्ताव माथि २०७५ साल वैशाख २७, ३० र ३१ गते गरी जम्मा ३ दिन भएको छलफलमा माननीय सदस्यहरुले राख्नु भएका मुख्य विचारहरुको प्रतिवेदन तयार गरी पेश गरेका छौं ।

**<u>प्रस्तुतकर्ता :</u>**

**उपसचिव : श्री सीता काफ्ले वाग्ले**

**शाखा अधिकृत : श्री नेत्र प्रसाद भुसाल**

**शाखा अधिकृत : श्री भुवन जोशी**

**कम्प्युटर अपरेटर : श्री भिष्मा पुन**

# माननीय डा. युवराज खतिवडाबाट मिति २०७५/०१/२६ गते राष्ट्रिय सभाको बैठकमा प्रस्तुत "आ.व. २०७५/०७६ को लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक) का सम्बन्धमा छलफल गरियोस"  भन्ने प्रस्तावका सम्बन्धमा २०७५ साल वैशाख २७, ३० र ३१ गते भएको छलफलमा माननीय सदस्यहरुद्वारा व्यक्त प्रमुख बुँदाहरु

**१. माननीय बलराम प्रसाद वाँस्कोटाः**

- समृद्ध नेपाल सुखी नेपाली Theme राख्नु भएको छ यो सकरात्मक छ ।
- नेपालको संविधानले अंगिकार गरेको समाजवाद उन्मुख नेपालको अवधारणा साकार पार्न अझै प्रयास आवश्यक छ ।
- हाम्रो अर्थतन्त्रलाई भारतको अर्थतन्त्रले dominate गरेको छ । त्यसलाई मनन् गर्नुपर्दछ ।
- पूँजीवादको गर्भबाट समाजवादको जन्म भए जस्तै समाजवादको गर्भबाट पूँजीवादको विकास गर्नु पर्दछ । अर्थतन्त्रमा नव उदारवाद हावि नहोस् ।
- कृषिको व्यवसायीकरणको कुरा उल्लेख गरेको तर नेपालको संविधानले मौलिक हक अधिकारको रुपमा स्थापित गरेको खाद्य सम्प्रभुताको शब्द उल्लेख गर्न पनि कन्जुस्याई भएको छ । कृषि विकास  रणनीतिको परिधिलाई ख्याल गरेको छैन । कृषि विमा, पशु विमा, वाली विमालाई उल्लेख गरेको छैन ।
- आयात प्रतिस्थापन गर्ने कुरा उल्लेख छैन ।
- ३ खम्बे अर्थ नीतिलाई प्राथमिकता दिने गरी आएमा राम्रो ।
- शिक्षा, संचार, स्वास्थ्य लगायतका क्षेत्रमा दलाल पूँजीपति वर्ग हावि भएको छ, यसको विगविगीबाट राष्ट्रिय पूँजीको उत्थान गर्ने तर्फ सरकारको ध्यान जानु जरुरी छ ।

**२. माननीय राधेश्याम अधिकारीः**

- कमजोर वित्तीय धरातल र स्वेतपत्रको कुरा उठाउनु भएको छ । २०४८ अघि र अहिलेको आर्थिक स्थिति, क्षमता र आकार के छ त्यस बारे छलफल हुनुपर्दछ ।
- स्वेतपत्रले अर्थतन्त्रको सही आँकलन गर्न सकेको छैन ।
- डाक्टर, इन्जिनियर, वकिल, व्यवस्थापक, लेखापाल, अर्थशास्त्री लगायतका जनशक्ति देशमा रहेको जनआधारमा टेकेर फड्को मार्नु पर्दछ ।
- सांसद विकास कोष सम्बन्धी अवधारणाहरु अब स्थानीय तहले नै गर्दछन् भन्ने हो भने हामीले समर्थन गर्दछौं, स्पष्ट होस् ।
- सार्वजनिक, निजी विद्यालय बीचको शैक्षिक गुणस्तरको खाडल अन्त्य कसरी गर्ने भन्ने खुलेको छैन । निजी स्कुल बन्द गर्ने हो ? शिक्षक छनोट प्रक्रिया त्रुटिपूर्ण छ । क्षमतामा

आधारित शिक्षकहरु सार्वजनिक विद्यालयमा जानु पर्दछ भन्ने हो भने त्यसमा समर्थन छ । शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गएको त्यसले के संकेत गर्दछ ? उच्च शिक्षामा के गर्ने हो ? केही बोलेको छैन । Research and Development मा केही बोलेको छैन ।

- कृषि किन विकर्षणको केन्द्र भएको हो ? के के गरे आकर्षणको केन्द्र हुन्छ ? यसको जरासम्म पुग्नु पर्दछ । कृषिमा संघीय सरकारको संलग्नता के हो ? ढाँचा र स्वरुप स्पष्ट हुनु पर्दछ । कृषि र यस सँग सम्बन्धित कृषि विश्व विद्यालय र अनुसनधान केन्द्रको सम्बन्धमा बोल्नु पर्दछ ।
- मानव संसाधनको विकास बिना देश अगाडी बढ्दैन । दक्ष जनशक्तिको उत्पादन सम्बन्धमा केही वोल्दैन । अल्प विकसित राष्ट्रबाट अगाडि बढ्ने हो भने मानव संसाधनको विकासमा जोड दिन आवश्यक छ ।

**३. माननीय जीवन बुढा :**

- प्राथमिकताको विषयमा देखिएका अपूर्णताको सम्बन्धमा ध्यानाकर्षण गराउँदछु ।
- सुगम र दुर्गम क्षेत्रको विषय एउटै वास्केटमा राख्न मिल्दैन । पिछडिएको क्षेत्र, समुदाय र शहरी क्षेत्रको जनसंख्या तथा भूगोलको विकासको निम्ति बजेटको प्राथमिकतालाई विशिष्टि ढंगले सम्बोधन गरिनु पर्दछ ।
- अधिकारमा आधारित शिक्षा, आवासीय शिक्षा, अपाङ्ग पुर्नस्थापना केन्द्र आवश्यक छ ।
- पूराना विमानस्थलहरु संचालन गर्नुपर्दछ ।
- पूराना उद्योगहरुको संचालन र आधुनिकीकरण गर्नु पर्दछ ।
- बजेटको प्राथमिकीकरणमा द्वन्द्व व्यवस्थापन पनि राखिनु पर्दछ ।
- संघको आयोजना र बजेटले हिमाल र दुर्गम क्षेत्रलाई समेट्दैन ? हिमाल र पहाडमा बस्ने जनतालाई पनि हेर्नु संघीय बजेटले सम्बोधन गरिनु पर्दछ । भूगोलको आधारमा बजेटलाई व्यवस्थापन र प्राथमिकीकरण गर्नु पर्दछ ।

**४. माननीय रामपृत पासवान :**

- जल, जंगल र जमीन तथा प्राकृतिक स्रोत साधनमा पहुँच नभएका विपन्न समुदाय र सम्भ्रान्त वर्ग बीचको आर्थिक असमानता कसरी घटाउने सम्बन्धमा केही नउठाईएको ।
- दलित, विपन्न र सर्वहारा वर्गलाई सरकारी, गैर सरकारी, आर्थिक क्षेत्रमा आर्थिक आरक्षणको व्यवस्था गर्नु पर्दछ ।
- जातीय विभेद र समाजमा रहेका कुरितिलाई निरुत्साहित गर्ने खालका योजना ल्याउनु पर्दछ ।
- वैदेशिक रोजगारीमा जाने युवाहरुको लागि सहुलियत वैदेशिक रोजगारी ऋणको व्यवस्था गर्नु पर्दछ ।
- बाढी पिडितको क्षतिपूर्तिलाई बजेटमा समावेश गनुपर्दछ । बन्द उद्योगधन्दा पुनः संचालन गर्न ध्यान जानु पर्दछ ।
- व्यवसायिक र प्राविधिक शिक्षामा जोड दिनु पर्दछ ।
- भूमीहिन जनतालाई कृषि र गैर कृषि भूमीको मालिक बनाउनु पर्दछ ।

- रोजगारी बढाउने उपयुक्त नीति अख्तियार गर्नु पर्दछ ।
- जनसंख्यालाई मुख्य आधार बनाइ बजेट छुट्टयाईनु पर्दछ ।
- सामाजिक सुरक्षा भत्तामा असाह्यलाई बढि जोड दिईनु पर्दछ ।

**५. माननीय श्री रमेश प्रसाद यादव :**

- मेचीदेखि माहाकालीसम्म फैलिएको चुरेको संरक्षणका लागि एक शब्द पनि नआएकोले वातावरण प्रदुषण कम गर्न र अन्न भण्डारको रुपमा रहेको तराईको संरक्षण गर्न चुरेको संरक्षण गर्नु पर्दछ ।
- बारामा बन्दै गरेको अन्तर्राष्ट्रिय विमानस्थलमा ९ किलोमिटर वन जंगल काटिन्छ, त्यसको पूर्ति कसरी हुन्छ ? त्यसमा ध्यान जानु पर्दछ ।
- राजमार्ग तथा सडकको दुबै तर्फ वृक्षारोपण गर्नु पर्दछ ।

**६. माननीय दिल कुमारी रावल थापा (पार्वती) :**

- दिगो विकासको लक्ष्यलाई मध्यनजर गरी बजेटले सम्बोधन गर्नु पर्दछ ।
- महिलाले सेवाको क्षेत्रमा गरेको योगदान/कामको आर्थिक मूल्यमा गणना हुनु पर्दछ ।
- वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुले विदेशमा आर्जन गरेको सीप, अनुभव र रकमलाई स्वदेशमै उत्पादशील क्षेत्रमा सदुपयोग गर्ने वातावरण बनाउनु पर्दछ ।
- ठूला आयोजना अलपत्र रहने अवस्था आउन नदिन र गुणस्तरीयता कायम राख्न ३ तहको सरकारको समन्वय हुने गरी बजेट आउनु पर्दछ ।
- सरकारी जग्गाको अतिक्रमण भएकोले अव्यवस्थित जग्गालाई व्यवस्थित गरी भूमीहिन र सुकुम्वासीका अवस्था/सवाललाई सम्वोधन हुनु पर्दछ ।

**७. माननीय जितेन्द्र नारायण देव :**

- नीति र कार्यक्रमको Part को रुपमा आएको छ । सिद्धान्त र प्राथमिकताको रुपमा यो दस्तावेज आएको छैन । आगामी दिनमा शब्द चयनमा ध्यान दिनु पर्दछ ।
- चरम गरीवी र भोकमरीको शब्द प्रयोग भएको यसको justify गर्न सकिदैन ।
- हाम्रो संविधानले समावेशी लोकतन्त्रको अवधारणा स्वीकार गर्दागर्दै पनि Power Devolution को सिद्धान्तलाई अंगिकार गरेको छ । वित्तीय संघीयतामा जाँदा कहाँनेर Top-down, कहाँ Bottom-up अपनाउने हो, त्यो उल्लेख छैन, प्रस्ट राख्न चुकेको छ ।
- समानुपातिक समावेशी सिद्धान्त अवलम्बन गरी समावेशी विकास गर्ने खालको बजेट आउने देखिएन ।
- वाम पक्षीय चुनावी घोषणापत्रलाई आधार मानेर आएको उल्लेख ।
- स्वदेशी र विदेशी पूँजीको उपयोग गर्ने कुरा आउन सकेको छैन ।
- नेपालको द्रुत र दिगो आर्थिक विकासको लागि छिमेकीलाई साझेदार बनाउने सिद्धान्तमा आधारीत भएर बजेट आउनु पर्दछ ।

- प्राथमिकता छुट्टाएको छैन ।

**८. माननीय खिम कुमार विश्वकर्मा :**

- नेपाल भौगोलिक र जातीय हिसावले विविधताका बीच पनि एकता छ । यी सबैको भावनाको कदर गर्ने गरी सरकारको नीति तथा कार्यक्रम र बजेट आउनु पर्दछ ।
- समतामूलक, बैज्ञानिक समाजतर्फ उन्मुख हुने गरी कार्यक्रम आउनु पर्दछ ।
- प्राथमिकता क्रममा समावेश गरिने प्राथमिकताको विशिष्टीकरण गरिनु जरुरी छ ।
- स्वदेशी वस्तु, स्वदेशी लगानी र संभावनायुक्त खोजको आवश्यकता छ ।
- भूमीहिन दलितहरुलाई एक पटक जग्गााको व्यवस्था गरिदिने सम्बन्धमा मौन छ ।
- कृषीमा आधुनिकीकरण, व्यवसायीकरण र रोजगारीमुलक Farming को आवश्यकताका साथै बैज्ञानिक भू:स्वामित्वको आवश्यकता छ ।
- आर्थिक सुचकाङ्क भन्दा मुनीको जनताको जीवनस्तर उठाउने र भौगोलिक आवश्यकताको आधारमा क्षमता निर्धारणमा जोड दिनु पर्दछ ।
- सबैको अपनत्वको आधारमा बजेट आउनु पर्दछ ।
- शान्ति प्रक्रियाको वाँकी कामलाई पुरा गरिनु पर्दछ ।

**९. माननीय डा.विमला पौड्याल :**

- यो दस्तावेजमा विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, वालवालिका, किशोर किशोरी, जेष्ठ नागरीक खोज्यो भने जनता भेटिंदैन, Nutral बजेट जस्तो लागिरहेको छ ।
- बजेट निर्माण विधिलाई फराकिलो बनाउनु जरुरी छ । महिला संगठन, बालबालिका, अपाङ्गहरुको संघ, संगठनका पदाधिकारीहरुसँग समेत छलफल गरिनु पर्दछ ।
- बढ्दो व्यापार घाटा कसरी घटाउने भन्ने प्रष्ट नआएको ।
- संक्रमणकालिन अवस्थामा गाँउमा कृषि सेवा सुविधा पाउन गाह्रो छ । कृषि सेवा सुविधा घरदैलोमा पुऱ्याउन ध्यान दिनु पर्दछ ।
- कृषिमा काम गर्ने ७० प्रतिशत भन्दा बढी महिला छन् ती प्रविधि सुविधा सबै पुरुषले पाएको, कृषि श्रमिकको कमी, महिला श्रममैत्री औजारको Promote गर्नु पर्दछ ।
- जलवायु परिवर्तनले कृषिमा पारेको असर कम गर्ने तर्फ ध्यान जानु पर्दछ ।
- सिंहदरबार अझै अपाङ्गमैत्री छैन भने विकास कसरी आपाङ्गमैत्री हुन्छ ? आ.व. ०७५/७६ लाई "अपाङ्गमैत्री भौतिक पूर्वाधार वर्ष" घोषणा गरिनु पर्दछ ।
- सार्वजनिक संरचना (कम्तिमा सिंहदरबारको भवन) अपाङ्ग मैत्री बनाउनु पर्ने । यस्तो नबनाएमा बजेट निकासा रोक्ने नीति बनाउनु पर्दछ ।
- शिक्षामा गुणस्तरको खाडल घटाउन आधारभूत सामुदायिक स्कुलमा पौष्टिक आहारको कार्यक्रम (स्थानीय उत्पादनमा आधारित दाल, भात, तरकारी अचार खाने) समेत लैजानु पर्दछ ।

**१०. माननीय धन कुमारी खतिवडा :**

- ग्रामिण विकासका लागि एकीकृत बस्ती विकास तथा Satellite Concept मा जानु पर्दछ ।

**११. माननीय विना पोखेल :**

- औद्योगीकरणमा पर्याप्त जोड दिनु पर्दछ ।
- कृषिलाई आधुनिकीकरण, औद्योगीकरण जोड दिइएको छैन ।
- खनिजमा आधारित उद्योगको प्रवर्द्धन गर्नु पर्दछ ।
- रुग्ण उद्योगको संरक्षण र विकासमा जोड दिनु पर्दछ ।
- पेट्रोलिय पदार्थको आयत प्रतिस्थापन गर्न अन्वेषण र उत्खनन् मा जोड दिनु पर्दछ ।
- शिक्षालाई प्रविधिमैत्री र जीवन उपयोगी बनाउनु पर्दछ ।
- महिला र पुरुषको साक्षरता अन्तर कम गर्नु पर्दछ ।
- जनयुद्धका शहिद/बेपत्ता परिवार, घाईते, अपाङ्गलाई उचित सम्बोधन गर्नु पर्दछ ।

**१२. माननीय रामचन्द्र राई :**

- कृषिमा व्यवसायीक उत्पादन प्रणाली आत्मसाथ गर्न सहज र सरल रुपमा स्थानीय स्तरबाटै वित्तीय संस्थाहरुबाट ऋण प्रवाह गर्ने व्यवस्था गर्नु पर्दछ ।
- नदी स्थानान्तरणको सम्बन्धमा कोशी र कर्णाली नदीलाई क्यानल मार्फत जोड्ने र त्यसमा बहुउद्देश्यीय कार्यक्रम संचालन गर्ने किटानीका साथ बजेटमा आउनु पर्दछ ।
- फरक यौनिक क्षमता भएका व्यक्तिलाई मानवीय व्यवहार गर्ने खालका कार्यक्रम ल्याउनु पर्दछ ।

१३. **माननीय प्रकाश पन्थ :**

- संविधान कार्यान्वयन सँगसँगै विभिन्न वर्गलाई जोड दिईयोस् ।
- आर्थिक समृद्धिको नाराले महिला, युवा, बालबालिका, अपाङ्गलाई कसरी संबोधन गर्दछ, जीवनस्तरलाई कसरी सुधार गर्दछ, सबैले परिवर्तनको अनुभूति गर्न सक्ने गरी सबैलाई सम्बोधन गर्नु पर्दछ ।
- वाम पक्षीय चुनावी घोषणापत्र जस्ता शब्दहरु उल्लेख नगर्दा सबै नागरिकको बजेट प्रतिको अपनत्व महशुस हुने देखिन्छ ।
- अपाङ्ग भएको व्यक्तिलाई सामाजिक सुरक्षाको प्रत्याभूति गर्नु पर्दछ ।

**१४. माननीय कमला कुमारी ओली :**

- सवारी दुर्घटना विमा सम्बन्धमा प्रष्ट नीति ल्याउनु पर्ने र दुर्घटना भएको अवस्थामा उपचार खर्च कसले कति सम्म व्यहोर्ने हो सो को प्रष्ट किटान हुनु पर्दछ ।
- गरीव, निमुखा, विपन्न वर्गसम्म कृषि अनुदान पुग्ने गरी योजनाहरु संचालन गर्नु पर्दछ ।

- कैलालीको लम्कि चुहा नगरपालिकामा रहेको चिनी मिल उद्योगलाई पुनः संचालनमा ल्याउनु पर्दछ ।
- ६ र ७ नम्बर प्रदेशलाई समेट्ने १०,८०० मेगावाट विद्युत उत्पादन क्षमताको कर्णाली परियोजना संचालन गर्नु पर्दछ ।

**१५. माननीय खिमलाल भट्टराई :**

- जनताका घर आँगन, जनताका अनुहार हेरेर नीति तथा कार्यक्रम आउनु पर्दछ ।
- सार्वजनिक क्षेत्रलाई कसरी अगाडी बढाउने सम्बन्धमा लोक कल्याणकारी राज्यको अवधारणा अनुसार व्यवस्थित गर्न जोड दिनु पर्दछ ।
- उत्पादनसँग जनतालाई कसरी जोड्ने, यसमा ध्यान दिनु पर्दछ ।
- मौलिक हकको कार्यान्वयन समय सिमा भित्र हुनु पर्दछ ।

**१६. माननीय बद्री प्रसाद पाण्डे :**

- स्वेतपत्रमा जति मेहनत गरेको देखियो, प्राथमिकता र सिद्धान्तमा त्यो देखिएन । सकारात्मक पाटोलाई पनि उजागर गर्नुपर्ने स्वेतपत्रमा त्यो देखिएन, ध्यान आकर्षण गराउँदछु ।
- सरकारका औपचारिक दस्तावेजमा वाम पक्षीय चुनावी घोषणापत्रलाई आधार मानेर सिद्धान्त र प्राथमिकता निर्धारण गरेको उल्लेख गर्नु हुदैन ।
- कृषिलाई महत्व दिएको छैन ।
- उच्च शिक्षाको बारेमा बोलिएको छैन ।
- अनुसन्धान तथा खोजको पाटोको बारेमा उल्लेख गरिएको छैन ।
- आवश्यक दक्ष जनशक्ति उत्पादनमा जोड दिनु पर्दछ ।
- मौलिक हकमा उल्लेखित विषयलाई कार्यान्वयन  गर्न आवश्यक कानून तर्जुमामा जोड दिनु पर्दछ ।

**१७. माननीय काली बहादुर मल्ल :**

- कृषि क्षेत्रमा सहकारीकरण र उद्योगलाई राष्ट्रियकरण गर्ने कुरा छुटेको छ ।
- स्वदेशमै रोजगारी सिर्जना गर्ने हो वा वैदेशिक रोजगारी लाई व्यवस्थित गर्ने हो, विशिष्टिकरण गरी प्राथमिकता तोक्नु पर्दछ ।
- पर्यटक क्षेत्रको विकासमा जोड दिए वैदेशिक रोजगारीमा जानबाट रोक्न सकिन्छ ।
- स्थानीय उत्पादनलाई प्राथमिकता दिने गरी दस्तावेज आएन ।
- शान्ति प्रक्रियाका बाँकी काम गर्ने गरी प्राथमिकतामा आएन । यसलाई समावेश गर्नु पर्दछ ।

**१८. माननीय वृषेशचन्द्र लाल :**

- राजनीतिक घोषणापत्र जस्तो देखियो ।
- स्रोत साधनको विनियोजन गर्दा तराई मधेशमा (५१ प्रतिशत जनसंख्या, अन्नको भण्डार, राजश्वमा बढी योगदान) जनसंख्याको आधारमा वजेटको विनियोजन हुनु पर्दछ ।
- वैदेशिक रोजगारीलाई व्यवस्थित उल्लेख गर्नुले विप्रेषणको लागि यूवा विदेश पाठाई रहने मात्र नभई स्वदेशी रोजगारी सिर्जनामा पनि जोड दिनु पर्दछ ।

- बाढी प्रभावित ३२ जिल्लामा बाढी पिडित पुनः निर्माण कार्यक्रम शुरु गरियो तर त्यसको कार्यान्वयन भएको छैन सो कार्यक्रम कार्यान्वयन गर्ने गरी बजेट ल्याईयोस् ।

**१९. माननीय रामनारायण विडारी :**

- उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न श्रमिक वर्गको कल्याण हुने गरी, बहुसंख्यक जनताको हित हुने गरी कार्यक्रम ल्याईनु पर्दछ ।
- कस्तो, के विषयको औद्योगिक क्रान्ति हो खुलाउनु पर्दछ ।
- कृषि आधुनिकीकरण कसरी गर्ने भन्ने उल्लेख भएन ।
- बैज्ञानिक भूमी सुधारको विषय प्रष्ट आउनु पऱ्यो ।
- एकिकृत बस्तीलाई कसरी व्यवस्थित गर्ने हो प्रष्ट आउनु पर्दछ ।
- ५ वर्ष भित्र आधुनिक सहर निर्माण गर्नु पर्दछ ।
- प्राकृतिक स्रोत साधनको उपयोग कसरी गर्ने, खाली जमीनको सदुपयोग कसरी गर्ने त्यस बारेमा नीति, कार्यक्रम तथा बजेटमा प्रष्ट आउनु पर्दछ ।
- प्रदेश र स्थानीय सरकारलाई ४० प्रतिशत बजेट दिईयोस् ।
- संघीयतामुखी बजेट होस् ।
- स्थानीय सरकार बलियो बनाईयोस् ।
- बजेट बाँडफाडको स्पष्ट कार्यविधि बनाईयोस् ।
- केन्द्रीय विकासमा स्थानीय सरकारलाई सहभागिता गराईयोस् ।

**२०. माननीय अगम प्रसाद बान्तवा राई :**

- नेपालको चियाखेती उत्पादन तथ्यांक प्रस्तुत गर्दै ३ खम्बे अर्थनीति अनुसार सहकारीलाई चिया खेतीमा प्रोत्साहन गर्नुपर्ने ।
- ईलाम, झापामा रहेका ७ वटा चिया बगानको जिम्मा भारतीय उद्यमीलाई लिजमा दिंदा कुरुप अवस्थामा रहेका कारण सो को जिम्मा नेपाल सरकार अथवा नेपाली उद्यमीलाई दिने गरी नीति लिईयोस् ।

**२१. माननीय रमेशजंग रायमाझी :**

- कर्मचारीतन्त्रले तयार गरेका दस्तावेज यसमा राजनीतिक नेतृत्वले भूमिका खेल्न नसकेको ।
- प्रतिनिधि सभा, राष्ट्रिय सभा र समानुपातिकका संसदहरुलाई हेर्ने दृष्टिकोण फरक हुनु हुँदैन ।
- मोरङ्ग जिल्लालाई सुगमको रुपमा नहेरियोस् ।

**२२. माननीय राजकुमार कुवर :**

- ग्रामिण बस्ती विकासको कुरा छुटेको छ ।
- अपाङ्गमैत्री बजेट बन्दैन जस्तो देखिन्छ ।
- द्वन्द्वका घाईते, अपाङ्ग, बेपत्ता पारिएका व्यक्तिको उचित व्यवस्थापन गर्ने गरी कार्यक्रम आउनु पर्दछ ।
- सूचना र सञ्चार प्रविधको क्षेत्रको विषय छुटेको छ ।
- दक्ष जनशक्ति उत्पादनको विषय छुटेको छ ।

**२३. माननीय उदया शर्मा पौडेल :**

- रोजगारमुलक उद्योग स्थापना र घरेलु उद्योगमा जोड दिनु पर्दछ ।
- बेतवास, टपरी, केरा उत्पादन छवाली जस्ता स्थानीय स्रोत साधन र सीपमा आधारित उद्योगलाई प्रोत्साहन गर्नु पर्दछ ।
- उद्यमशीलताको विकासमा जोड दिनु पर्दछ ।
- श्रमिक माथि भेदभाव अन्त्य गर्नु पर्दछ ।

**२४. माननीय अनिता देवकोटा :**

- हाम्रो योजना समृद्ध नेपाल सुखी नेपालीमा केन्द्रित हुनु पर्दछ ।
- ईच्छाशक्ति दृढ हुनु पर्दछ ।
- अब वितरणमुखी नभई विकासमुखी बजेट ल्याउनु पर्दछ ।
- पानी जहाज र रेल आउने कतै देखिदैन ।
- बन्द र रुग्ण उद्योग धन्दालाई पुर्नस्थापना गरी वैदेशिक वेरोजगारीमा गएकालाई स्वदेशमै आकर्षित गर्ने गरी कार्यक्रम ल्याउनु पर्दछ ।

**२५. माननीय हरिराम चौधरी :**

- पछाडी पारिएका वर्ग र सम्पन्न वर्ग बीच कसरी समानता कायम गर्ने भन्ने विषय आएन ।
- बजेटको प्राथमिकता कुन क्षेत्रमा गर्ने देखिएन ।
- निजी क्षेत्रलाई प्राथमिकतामा राखिएन ।
- भूमी व्यवस्थापन प्राथमिकतामा पारिएन ।
- NGO/INGO ले आफूखुशी कार्यक्रम गरेको, यसमा ध्यान दिनु पर्दछ ।
- समयमा मल, विउ विजन कृषकसम्म पुऱ्याउनु पर्ने कुरा आउनु पर्दछ ।

**२६. माननीय कोमल ओली :**

- बजेटको dream के हो, समृद्धि कसरी आउछ, के ले समृद्ध ल्याउँछ प्रष्ट खुल्नु पर्दछ ।
- कृषि पर्यटन उद्योगलाई विशिष्टिकरण गरिनु पर्दछ ।
- कृषिमा अनुसन्धानको कमी, सिंचाईलाई प्राथमिकतामा राख्न नसकेको, कृषि आयात बढेको, यसमा सरकारको ध्यान जानु पर्दछ ।
- विद्यालयमा विद्यार्थीहरुको टिकाउ दरमा कमी, बालबालिका कुपोषित छन्, निःशुल्क वितरित औषधिको सहज उपलब्धतामा ध्यान जानु पर्दछ ।
- खेल पर्यटन, धार्मिक पर्यटनमा जोड दिनुपर्ने, रामायण सर्किटका साथै Health tourism को विकासमा जोड दिनु पदर्छ साथै खेल पर्यटनमा क्रिकेटलाई जोड दिनु पर्दछ ।

**२७. माननीय तारादेवी भट्ट :**

- संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र न्यायोजित आर्थिक वितरण हुनु पर्दछ ।
- Performance indicator को अनुगमन गर्नु पर्दछ ।
- ७ नं. प्रदेशमा धार्मिक पर्यटकीय स्थल, तालहरुको अन्वेषण गर्दै पर्यटकीय क्षेत्रको विकास गर्नु पर्दछ ।

**२८. माननीय चक्रप्रसाद स्नेही :**

- दलित र लोपउन्मुख जातीको सीप आर्थिक अभावमा लोप हुन लागेकोले निर्व्याजी ऋण उपलब्ध गराउनु पर्दछ ।
- दलित र लोपउन्मुख जातीका विद्यार्थीहरुलाई निःशुल्क पढाउनु पर्दछ ।
- कृषिको औद्योगीकरण र व्यवसायीकरण गर्न विशेष कार्यक्रम ल्याउनु पर्दछ ।
- खनिज उत्खनन् सम्बन्धी विशेष कार्यक्रमहरु ल्याउनु पर्दछ ।
- भूकम्प पिडित र बाढी पिडितहरुको निमित्त समय सिमा तोकेर व्यवस्थापन गर्नु पर्दछ । जसको जमिन छैन, बगर भएको छ, त्यस्तालाई कर छुटको नीति बनाईनु पर्दछ ।
- प्राकृतिक स्रोतबाट आउने राजस्वलाई वितरण प्रणालीमा लैजादा स्थानीयमा ५०, प्रदेशमा ३० र संघमा २० प्रतिशत हुनु पर्दछ ।

**२९. माननीय भैरव सुन्दर श्रेष्ठ :**

- आर्थिक, सामाजिक असमानता हटाउने गरी कार्यक्रम आउनु पर्दछ ।
- विकासका दृष्टिले पछाडि पारिएका भौगोलिक क्षेत्रको विकास गर्ने र पिछडिएका नागरिकहरुलाई समृद्धि तर्फ उन्मुख गराउनु पर्दछ ।
- असाह्य र पिछडिएका वर्ग तथा समुदायलाई सामाजिक सुरक्षा लगायत आवास विहिनहरुलाई आवासको व्यवस्थाका साथै निःशुल्क शिक्षा दिएमा मात्र देशको मुल प्रवाहमा आउन सक्ने हुँदा त्यस्ता कार्यक्रम ल्याउनु पर्दछ ।
- तल्लो वर्गलाई राहत दिने कार्यक्रम ल्याउनु पर्दछ ।
- विशेष क्षेत्र कार्यक्रम ल्याउनु पर्दछ ।
- निर्वाहमुखी कृषि प्रणालीलाई आधुनिक प्रविधिको प्रयोगसँगै व्यवसायीकरण र औद्योगीकरण गराउनु पर्दछ ।

**३०. माननीय विन्दादेवी आले (राना) :**

- ५१ प्रतिशत भन्दा बढी जनसंख्या भएका महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक सम्बन्धी कार्यक्रम ठोस रुपमा आउनु पर्दछ ।
- महिला उद्योमशीलता बढाउन बिना धितो कर्जा प्रवाह गर्नु पर्दछ ।
- सार्वजनिक शिक्षा र निजी शिक्षा बीचको अन्तरलाई कम गर्ने गरी कार्यक्रम ल्याईनु पर्दछ ।

**३१. माननीय महेश कुमार महरा :**

- जनयुद्धको जगमा भएको जनआन्दोलन मार्फत आएको संघीय गणतन्त्र नेपाल समाजवादमा जाने हो भने समाजवादका ठोस आधारहरु सहितको कार्यक्रमहरु आउनु पर्दछ ।
- आधुनिक र बैज्ञानिक कृषि प्रणालीलाई प्राथमिकता दिईनु पर्दछ ।
- पश्चिम सेती जलविद्युत आयोजना जनता, सरकार र नीजि क्षेत्रको सहभागितामा निर्माण गर्ने गरी यसै वर्षको बजेटमा ठोस कार्यक्रम ल्याईनु पर्दछ ।
- श्रममैत्री नीति तथा कार्यक्रम र बजेट आउनुका साथै अपाङ्गमैत्री कार्यक्रम ल्याईनु पर्दछ ।

**३२. माननीय ठगेन्द्र प्रकाश पुरी :**

- विगतको अवस्थाले खलवल्याएको अर्थ व्यवस्थालाई सुदृढ बनाउने गरी कार्यक्रम आउनु पर्दछ ।
- देश भित्र रहेका प्राकृतिक (हिमाल, पहाड र तराईमा रहेका) स्रोत साधन मार्फत आत्मनिर्भर अर्थ व्यवस्था निर्माण गर्ने गरी कार्यक्रम आउनु पर्दछ ।
- हिमाली क्षेत्रका जडिबुटी प्रशोधन गरेर देशको अर्थ व्यवस्था उकास्नका लागि ठूला उद्योगका रुपमा स्थापना गर्नु पर्दछ ।
- बजेट विनियोजन गर्दा भौगोलिक अवस्थालाई समेत ध्यान दिई विशेष कार्यक्रमलाई जोड दिईयोस् ।
- गैर आवासीय नेपालीलाई लगानी गर्ने अवसर प्रदान गर्ने गरी कार्यक्रम ल्याईनु पर्दछ ।

**३३. माननीय प्रमिला कुमारी :**

- वाम पक्षीय चुनावी घोषणापत्रको आधारमा विनियोजन विधेयकको प्राथमिकता र सिद्धान्त ल्याईएकोमा विनियोजन विधेयक कुनै पार्टि विशेषको नभई सबै नागरिकको अपनत्व हुने गरी राष्ट्रिय रुपमा कार्यक्रम आउनु पर्दछ ।
- संघीयता कार्यान्वयन पहिलो र कृषि विकास तथा आधुनिकीकरणलाई दोस्रो प्राथमिकताको रुपमा राख्नु पर्दछ ।
- मधेशी आयोगको गठन हुनु पर्दछ ।
- कृषि विकास र भूमी व्यवस्थापन, सिंचाइ, मलखाद, कृषी सडक निर्माणमा ध्यान दिएर कृषि क्षेत्रलाई व्यवसायीकरण गर्नु पर्दछ ।
- विद्यालयदेखि रोजगारसम्म कार्यक्रम संचालन गरिनु पर्दछ ।
- १५ वर्षे आवसीय विद्यालयको स्थापना गरी रोजगारको व्यवस्था गर्नु पर्दछ ।
- मधेशी, दलित, महिला, र मुसलमान समुदायको सशक्तिकरणको लागि कार्यक्रम संचालन गरियोस् ।
- चुरे वन संरक्षण र पूर्वाधार विकास हुनु पर्दछ ।
- बजेटमा मधेशी समुदायको प्रतिनिधित्व हुनु पर्दछ ।

**३४. माननीय खेमराज नेपाली :**

- सामाजिक न्याय, समानता र समानुपातिक समावेशी विकास तर्फ केन्द्रित कार्यक्रम आउनु पर्दछ ।
- सिमान्तकृत, विकास चरणमा अपमानपूर्ण जीवन बाँच्न बिवश दलित समुदायप्रति छुवाछुत, सामाजिक विभेद कायमै छ । त्यो समुदायका लागि विशेष कार्यक्रम र प्याकेज आउनु पर्दछ । समान अस्तित्व, समान जीवन यापन र समान आवाज आउनु पर्दछ ।
- राजनीतिक व्यवस्थालाई जीवन पक्षीय बनाउन सकेको छैन । सो जीवन पक्षीय बनाउन साँस्कृतिक रुपान्तरणका मापन कार्यक्रम आउनु पर्दछ ।
- समाजमा व्याप्त कुप्रथा, कुसंस्कृति हटाउने र जीवन पक्षीय संस्कृति र प्रथा कायम राख्न बजेट आउनु पर्दछ ।

**३५. माननीय सरिता प्रसाँई :**

- कृषिलाई प्राथमिकतामा नराखिएको, मल संकट समाधान भएन, विउ विजन समयमा पाउन सकिएको छैन, कृषिमा आधुनिकीकरण हुन सकेको छैन । कृषिलाई आधुनिकीकरण गरी कृषकलाई soft lone दिने व्यवस्था ल्याउनु पर्दछ ।
- निर्यात बढाई आयात प्रतिस्थापन गर्ने बजेट आउनु पर्दछ ।
- रोजगारी सिर्जना गर्ने बजेट आउनु पर्दछ ।
- पर्यटन प्रवर्द्धन गर्न पर्यटकीय पूर्वाधारको निर्माण गर्ने गरी कार्यक्रम आउनु पर्दछ ।
- कृषि र सिंचाई एक अर्कालाई जोड्नु पर्दछ ।
- विकास कार्यक्रमको अनुगमन राम्रो सँग गर्न संयन्त्र बनाउनु पर्दछ ।
- शिक्षा नीति राम्रो बनाउनु पर्दछ ।

**३६. माननीय नैनकला ओभा :**

- रोजगारी सिर्जना गर्ने कार्यक्रम ल्याउनु पर्दछ ।
- कृषि, उद्योग, जल, जमिन, जडिबुटिको सही व्यवस्थापन गरी सबैलाई रोजगारी दिन सक्ने गरी कार्यक्रम आउनु पर्दछ ।
- ८ लाख युवालाई स्वदेशमा रोजगारी सिर्जना गर्ने गरी वजेट ल्याईनु पर्दछ ।
- सुकुम्वासी समस्या समाधान गर्ने तथा जमिनमा रहेको दोहोरो स्वामित्वलाई हटाएर एकल स्वामित्व कायम गर्ने गरी बजेट आउनु पर्दछ ।
- सामुदायिक विद्यालयको अवस्थामा सुधार गरी गुणस्तरीय शिक्षा दिनु पर्दछ ।
- महिला सशक्तिकरण कार्यक्रमलाई देशव्यापी रुपमा  सञ्चालन गर्ने गरी कार्यक्रम ल्याईनु पर्दछ ।

**३७. माननीय मिना बुढा :**

- रोल्पा जिल्ला एक दुर्गम जिल्ला भएको हुनाले स्वास्थ्य, शिक्षा, सञ्चार, विद्युत, कृषि क्षेत्र आदि विकासका लागि वजेटमा समेटियोस् ।
- स्वास्थ्य सेवा दयनीय छ, सञ्चार सुविधा छैन यसमा विशेष ध्यान जाओस् ।
- प्रवाशी नेपाली श्रमिकहरुबाट प्राप्त रकमलाई उद्योग र उत्पानमुलक क्षेत्रमा लगानी गर्ने वातावरण तयार गर्ने गरी बजेट आउनु पर्दछ ।
- वैदेशिक रोजगारीमा गएका नेपालीलाई अन्तराष्ट्रिय अधिकारको प्राप्ति र उनीहरुको जीउ, धनको सुरक्षा गर्ने गरी कार्यक्रम आउनु पर्दछ ।

**३८. माननीय राम लखन चमार :**

- निजीकरण गरिएका उद्योगहरुलाई राज्यले पुनः सञ्चालन गर्नु पर्दछ ।
- राज्यको सबैभन्दा पिछडिएको र गरीव, दलित समुदायलाई महत्वपूर्ण ढंगले समेटिनु पर्दछ ।
- सौर्य उर्जा र टुकी वितरण कार्यक्रमहरुलाई विस्तार गरी अझ प्रभावकारी बनाईनु पर्दछ ।
- भगतसिं सिल्प उत्थान कार्यक्रमलाई अझ प्रभावकारी बनाईयोस् ।
- दलित समुदायलाई उच्च शिक्षामा छात्रवृति प्रदान गर्ने कार्यक्रम अन्तर्गत चमार, मुसहर, डोम र बादी जातिका विद्यार्थीहरुलाई डाक्टर, ईन्जिनियर पढाउने कोटामा निजी विद्यालयमा पढेकालाई छात्रावृति नदिने सरकारको नीतिले कार्यत्रक्रम प्रभावकारी हुन सकेन त्यसकारण छात्रवृतिमा निजी विद्यालयमा अध्ययन गर्ने दलित बालबालिकालाई उच्च शिक्षा, प्राविधिक शिक्षामा समावेश गर्नु पर्दछ ।
- ७७ जिल्लाको सदरमुकाममा दलित छात्राबासको व्यवस्था गरिनु पर्दछ ।
- भूमीहिन दलितलाई जमिन उपलब्ध गराउने संविधानको उद्देश्यलाई यो बजेट मार्फत कार्यान्वयन गरियोस् ।
- सिमा क्षेत्रको ५ किलोमिटर वरपरका नागरिकहरुलाई जग्गा धितोमा राखेर ऋण दिने व्यवस्था गरिनु पर्दछ ।

**३९. माननीय सुरेन्द्र राज पाण्डे :**

- प्राथमिकतामा आधारित बजेट आउनु पर्दछ ।
- कृषिको आत्मनिर्भरताका लागि आधुनिक, व्यवसायिक र बैज्ञानिक कृषि प्रणाली अवलम्बन गरी रोजगारी बढाउनु पर्दछ ।
- पर्यटनको बहुआयामिक विकासको लागि सम्भाव्यता खोज्नु पर्दछ ।
- जलस्रोतको सही सदुपयोग गरिनु पर्दछ । अरुण तेस्रो जलविद्युत आयोजना निर्माण गर्ने सुनिश्चितता गर्ने गरी बजेट आउनु पर्दछ ।
- समानता कायम गर्न उत्पादन बढाउनका लागि अर्थमन्त्रीको ध्यान केन्द्रित गर्न चाहन्छु ।
- सरकारले व्यापार गर्ने होईन, व्यापार गर्ने कार्य निजी क्षेत्रलाई छोडिदिनु पर्दछ र सरकारले व्यापारको लागि निजी क्षेत्रलाई लगानीको वातावरण तयार गरिदिनु पर्दछ ।

- प्राविधिक शिक्षामा जोड दिनु पर्दछ । हिमाल, पहाड तराईका दुर्गम क्षेत्रलाई विशेष क्षेत्र घोषणा गरी विकास कार्यक्रम ल्याउनु पर्दछ ।
- सुत्केरी हुन नसकेर महिला मर्ने अवस्थाको अन्त्य हुनु पर्दछ र बाटो हिड्दा पर्यटक मर्ने अवस्थाको अन्त्य हुनु पर्दछ ।

**४०. माननीय पर्शुराम मेगी गुरुङ्ग :**

- सहभागितमुलक विकास र समावेशी विकास तथा समाजवादी विकासमा जोड दिनु पर्दछ ।
- देश अविकासको अवस्थामा रहनुका वाह्य कारण र आन्तरिक कारण निर्मम ढंगले खोजिनु पर्दछ र नीतिगत क्षेत्र र व्यवहारिक क्षेत्रका समस्याहरुको समेत निर्मम ढंगले खोज गर्नु पर्दछ ।
- Unseen economic को जालो के छ, त्यसलाई उजागर गर्नु पर्दछ ।
- सरकारका सवल र दुर्वल पक्षहरुको अध्ययन गरी सोही आधारमा कार्यक्रमहरु आउनु पर्दछ ।
- अबको हाम्रो विकासको लक्ष्य समृद्ध नेपाल र खुशी नेपाली को नारालाई अबलम्बन गर्दै Human Happiness सहितको राष्ट्र बनाउने कार्यक्रम सरकारले ल्याउनु पर्दछ ।
- कृषि, पर्यटन, उर्जा, वन विकास र स्रोत साधनको परिचालनलाई ध्यानमा राख्दै प्राथमिकताको आधारमा कार्यक्रम ल्याईनु पर्दछ ।
- Democracy सहितको जनसहभागिता, समाजवाद भएको उत्पादनमा आम जनताको सहभागिता, लोकतान्त्रिक विधिको अवलम्बन fairness र culture को कुरालाई ठोस रुपमा अवलम्बन गरी अबको बजेट आउनु पर्दछ ।
- राष्ट्रिय गौरवको आयोजनालाई time bound गर्ने गरी बजेट आउनु पर्दछ ।
- लोक कल्याणकारी तथा सामाजिक सुरक्षाका कार्यक्रम सहितको नीति तथा कार्यक्रम आउनु पर्दछ ।